# बेलका नगरपालिका

उदयपुर

विनियोजन ऐन, २०८०

नगरसभामा पेश भएको मिति – २०८०/०३/०७

प्रमाणीकरण मिति – ०८०/०३/०८

स्थानीय राजपत्रमा प्रकाशित मिति – २०८०/३/३०

# बेलका नगरपालिका,

# उदयपुर

# बेलका नगरपालिकाको विनियोजन ऐन, २०८०

बेलका नगरपालिका उदयपुरको आर्थिक वर्ष २०८०/८१ को सेवा तथा कार्यहरुको लागि स्थानीय सञ्चितकोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा ब्यवस्था गर्न प्रस्ताव भएको विधेयक,

सभामा पेश भएको मिति — २०८०/०३/०७

सभावाट स्वीकृत मिति — २०८०/०३/०८

राजपत्रमा प्रकाशन मिति — २०८०/३/३०

<u>प्रस्तावना</u>

बेलका नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२९ (२) बमोजिम बेलका नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>

(१) यस ऐनको नाम बेलका नगरपालिका उदयपुरको विनियोजन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन नगरसभावाट पारित तथा प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. <u>परिभाषा</u>

क. "नगरसभा" भन्नाले बेलका नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले बेलका नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "वडा समिति" भन्नाले बेलका नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ. "विषयगत शाखा" भन्नाले बेलका नगरपालिका अन्तरगतको शाखा, सचिवालय, ईकाई वा अन्य प्रशासनिक निकाय समेतलाई सम्झनु पर्दछ ।

ङ. "सञ्चितकोष" भन्नाले बेलका नगरपालिकाको सञ्चितकोषलाई सम्झनु पर्दछ ।

३. <u>आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चितकोषवाट रकम खर्च गर्ने अधिकार</u>:

(१) आर्थिक वर्ष २०८०/८१ को निमित्त बेलका नगरपालिकाको वडा समिति, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यको निमित्त अनुसूचि १ मा उल्लेखित चालु खर्च, पूजिगत खर्च र वित्तिय ब्यवस्थाको रकम समेत गरि जम्मा रकम रु ७७,२५,०१,०००।— (अक्षरेपी सतहत्तर करोड पचिस लाख एक हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषवाट खर्च गरिनेछ ।

४. <u>विनियोजन</u>:

(१) यस ऐनद्वारा सञ्चितकोषवाट खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त बेलका नगरपालिका उदयपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यका निमित्त विनियोजन भएको रकम मध्ये कुनै शीर्षकमा वचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा नगर

कार्यपालिकाले बचत हुने शीर्षकवाट नपुग हुने शीर्षकमा रकमान्तर/शीर्षकान्तर गर्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा विनियोजित रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजितर रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु शीर्षकतर्फ रकमान्तर/शीर्षकान्तर गर्न  र वित्तिय व्यवस्था अन्तरगत साँवा भुक्तानी तर्फ बिनियोजित रकम ब्याज भुक्तानी शीर्षकमा बाहेक अन्यत्र रकमान्तर/शीर्षकान्तर गर्न सकिने छैन । तर चालु र पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकवाट सो शीर्षकमा जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरमा रकमान्तर/शीर्षकान्तर गर्नुपरेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ ।

अनुसूचि १

दफा ३ संग सम्वन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषवाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षक नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | आर्थिक विकास क्षेत्र | ६६00000 | ६00000 | 0 | ७२00000 |
| २ | | सामाजिक विकास क्षेत्र | ५२१00000 | ४२00000 | 0 | ५६३00000 |
| ३ | | पूर्वाधार विकास क्षेत्र | ११00000 | २0000000 | 0 | २११00000 |
| ४ | | वन वातावरण तथा विपद ब्यवस्थापन क्षेत्र | ४७00000 | ५५00000 | 0 | १0२00000 |
| ५ | | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ९१२00000 | ८000000 | 0 | ९९२00000 |
| ६ | | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | २३२00000 | ३00000 | 0 | २३५00000 |
| ७ | | समपुरक तथा अन्य साझेदारी | ५000000 | ७८३६४000 | 0 | ८३३६४000 |
| ८ | | भुक्तानी बाकी दायित्व | ५000000 | २२२३६000 | 0 | २७२३६000 |
| ९ | | वडास्तरीय आयोजना तथा कार्यक्रम | १२0१५000 | २८0३५000 | 0 | ४00५0000 |
| | | **नगरपालिका तर्फ जम्मा** | **२१३0२५000** | **१५५१२५000** | | **३६८१५0000** |
| १0 | | संघीय सशर्त अनुदान | २७४१00000 | ४२६00000 | 0 | ३१६७00000 |
| ११ | | प्रदेश सशर्त अनुदान | १४७५0000 | ९६८१000 | | ११११५६000 |
| १२ | | संघीय समपुरक अनुदान | | १९000000 | | १९000000 |
| १३ | | प्रदेश समपुरक अनुदान | | १३000000 | | १३000000 |
| १४ | | संघीय विशेष अनुदान | | २0000000 | | २0000000 |
| १५ | | सडक बोर्ड | | ४000000 | | ४000000 |
| १६ | | विद्यालय निर्माण साझेदारी | | २0000000 | | २0000000 |
| १७ | | जि.स.स. वाट वडा नं ८ को लागि | | ४९५000 | | ४९५000 |
| | | **सशर्त तर्फ जम्मा** | | | | **४0४३५१000** |
| | | **कुल जम्मा** | | | | **७७२५0१000** |